बुलिङटार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार ३, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल

निर्णय संख्या :- २२
मिति :- २०७५/१२/०५

आज मिति २०७५ चैत्र ०५ गते यस बुलिङटार गाउँपालिकाका अध्यक्ष श्री शशिकिरण बस्ताकोटीको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

## कार्यपालिका सदस्यहरु

| क सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | शशिकिरण बस्ताकोटी | अध्यक्ष | बुलिङटार ३ | Shashi | |
| २ | मैना विक | उपाध्यक्ष | बुलिङटार १ | मैना | |
| ३ | दिल बहादुर सुर्यवंशी | १ नं वडाध्यक्ष | बुलिङटार १ | | |
| ४ | प्रेम बहादुर थापामगर | २ नं वडाध्यक्ष | बुलिङटार २ | [signature] | |
| ५ | यम बहादुर झेडीमगर | ३ नं वडाध्यक्ष | बुलिङटार ३ | [signature] | |
| ६ | चेत बहादुर गोदामी | ४ नं वडाध्यक्ष | बुलिङटार ४ | चेत ब. [signature] | |
| ७ | पूर्णसिंह खण्डलुक | ५ नं वडाध्यक्ष | बुलिङटार ५ | [signature] | |
| ८ | सूर्य बहादुर राना | ६ नं वडाध्यक्ष | बुलिङटार ६ | [signature] | |
| ९ | भीम माया गरजांमगर | महिला सदस्य | बुलिङटार २ | भिम माया | |
| १० | लालसरा पुलामी | महिला सदस्य | बुलिङटार ४ | | |
| ११ | दिलमाया राना | महिला सदस्य | बुलिङटार ५ | दिलमाया | |
| १२ | चन्द्रमाया राना | महिला सदस्य | बुलिङटार ६ | चन्द्रमाया | |
| १३ | कुलबहादुर कुमाल | दलित वा अल्पसंख्यक सदस्य | बुलिङटार ६ | | |
| १४ | गौतम दरई | दलित वा अल्पसंख्यक सदस्य | बुलिङटार ४ | | |
| १५ | बालकृष्ण अधिकारी | प्रमुख प्रशासकिय अधिकृत | भ.म.न.पा. ५,चितवन | [signature] | |

[signature]
प्रमुख प्रशासकीय अधिकृत

बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (ब.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु :-**

१. सांसद् विकास कोष ( स्थानिय पूर्वाधार विकास कार्यक्रम) मार्फत यस बुलिङटार गाउँपालिकामा आएको रकम कार्यसम्पादन गराउने सम्बन्धमा।

२. बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि साझेदारी रकम थप गर्ने सम्बन्धमा ।

३. अदुवा प्रशोधन केन्द्र खोल्ने स्थान तोक्ने सम्बन्धमा ।

४. गाउँ सभा गर्ने सम्बन्धमा ।

५. गोरखकाली मा वि, सिङ्गचाङको भवन निर्माणको लागि साझेदारी रकम छुट्याउने सम्बन्धमा ।

६. नक्सापास मुल्याङ्कन फाराम दस्तुर तोक्ने सम्बन्धमा ।

७. बुलिङटार गाउँपालिकाको नक्सापास कार्यविधि २०७५ पास गर्ने सम्बन्धमा ।

८. कोठथर स्वास्थ्य चौकी मर्मत सम्बन्धमा ।

**निर्णयहरु :-**

९. प्रस्ताव नं. १ मा निर्णय गर्दा सांसद् विकास कोष (स्थानिय पूर्वाधार विकास कार्यक्रम) मार्फत यस बुलिङटार गाउँपालिकाको योजनाहरु उपभोक्ता समिति मार्फत सम्पादन गराउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. २ मा निर्णय गर्दा बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि गाउँपालिकाको तर्फबाट ५ लाख ३९ हजार साझेदारि रकम थप गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ३ मा निर्णय गर्दा अदुवा प्रशोधन केन्द्र बुलिङटार-६ को हडामा खोल्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. ४ मा निर्णय गर्दा गाउँ सभा चैत्र २६ गते मंगलबार गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. ५ मा निर्णय गर्दा गोरखकाली मा वि, सिङ्गचाङको भवन निर्माणको लागि जागृती बाल तथा युवा सरोकार नेपाल, देवचुली-१५ सगँ साझेदारी रकम उपलब्ध गराउने निर्णय गरियो ।

१४. प्रस्ताव नं. ६ मा निर्णय गर्दा नक्सापास मुल्याङ्कन फाराम दस्तुर रु. ५००। (पाचँ सय रुपैया मात्र) तोक्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं. ७ मा निर्णय गर्दा बुलिङटार गाउँपालिकाको नक्सापास कार्यविधि २०७५ बमोजिम सम्पूर्ण नक्सापासको कार्य गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नं. ८ मा निर्णय गर्दा कोठथर स्वास्थ्य चौकी मर्मतका लागि रु ७००००० ।- (सात लाख रुपैया ) छुट्टाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत